गाउँ कार्यपालिकाको ५ औं (पाँचौ) बैठक / २०८३/०८४

मिति : २०८३ साल असोज १३ गते मंगलबार

समय : बिहान ०७:३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगीहरु : श्री बुद्धिमान तामाङ

प्रस्तावहरु :

(क) अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

(ख) भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सम्वन्धमा ।

(ग) अविरल बर्षाको कारण भएको क्षतिको समिक्षा सम्वन्धमा ।

(घ) प्रमुख प्रशासकीय अधिकृतको सरुवा रमाना सम्वन्धमा ।

(ङ) अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८३ साल असोज १३ मा सम्पन्न ५ (पाँचौ) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको चौथो बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त पत्रहरुको सम्वन्धमा बैठकमा पेश भई जानकारी भयो ।

निर्णय नं. ३

यहि २०८३ असोज ८ गतेदेखि ११ गतेसम्म आएको अविरल बर्षाद्को कारण भएको वडागत क्षतिको बारेमा समिक्षा भयो । सो अवधि भर आएको बर्षादको कारण कुनै पनि वडामा विपद्जन्य क्षति नभएको जानकारी प्राप्त भयो ।

निर्णय नं. ४

पौवादुङमा गाउँपालिका वडा नं. ४ निवासी श्री गज बहादुर कार्कीको श्रीमति चीना कुमारी कार्कीको काचो ढुंगा माटोले बनेको कच्ची घर मिति २०८२/०६/१९ को अविरल बर्षादको कारण पूर्णरुपमा क्षतिग्रस्त भएकोले निजी आवास प्रवलीकरण, पूननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ अनुसार कार्यालयबाट सम्झौता गरी सम्झौता बमोजिमको रु. ४,००,०००।- (चार लाख) रकम मध्ये रु. ५०,०००।- (पचास हजार) पेश्की स्वरुप उपलव्ध गरी सम्झौता बमोजिमको घर निर्माण सम्पन्न भई सकेको हुँदा निजले बाँकी रकम भूक्तानीको लागि बाराम्बार ताकेता गरेको हुँदा हाल संघीय सरकार र प्रदेश सरकारबाट बाँकी रकम आउन ढिलो भएकोले उक्त रकम निकासाको लागि सम्वन्धित निकायमा ताकेता गर्ने र उक्त रकम संघीय मन्त्रालय अन्तरगत जिल्ला प्रशासन कार्यालय, भोजपुर मार्फत निकासा भई आएपछि सोधभर्ना हुने गरी भूक्तानी हुन बाँकी रकम रु. ३,५०,०००।- (तीन लाख पचास हजार) हाललाई यस कार्यालयको विपद् व्यवस्थापन कोष शिर्षकमा बिनियोजित बजेटबाट सम्वन्धित लाभग्राहीलाई भूक्तानी दिने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

बिगत २०७८ चैत्र ९ गतेदेखि यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत श्री नविन भट्टराईको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०५/३० को निर्णयानुसार समान पद, सेवा, समूहमा हल्दीबारी गाउँपालिका, झापामा सरुवा हुनु भएकोले उहाँले यस गाउँपालिकामा पुऱ्याउनु भएको ५ बर्षे लामो सेवा अवधीलाई उच्च मूल्याङ्कन गर्दै भोली मिति २०८३/०६/१४ बाट लागू हुने गरी रमाना पत्र सहित आजकै मितिमा बिदाई तथा फेरी भेटौला कार्यक्रमको आयोजना गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ६

लोपोन्मुख किरात राई दुङमाली भाषा र संस्कृतिको संरक्षण सम्वर्द्धन गते उद्धेश्यका साथ स्थापित किरात राई दुङमाली भाषा संस्कृति संरक्षण मञ्च (फोरल्याण्ड्स) नेपाल द्वारा किरात राईहरुको पर्व साकेवा बर्षेनी भव्यरुपमा मनाईरहेको सन्दर्भमा यस चालू आ. व. २०८३/०८४ मा समेत उक्त पर्व अझ व्यवस्थित र भव्यरुपमा सम्पन्न गर्नका लागि मञ्च द्वारा पेश गरिएको बजेट सहितको कार्यक्रम स्वीकृतिका लागि कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय विराटनगरमा अनुरोध गरि पठाउने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष